19 September 2024

National News

<u>मुख्य समाचार</u>

- 21 सितम्बरमा Quad Leaders' Summit मा सहभागी बन्न प्रधानमन्त्री अमेरिका जानुहुँदै
- देशको खाद्य क्षेत्रमा नवाचार, दिगोपन र सुरक्षाको वैश्विक मापदण्ड तय गर्न सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्रीको भनाई
- हरियाणा विधानसभा चुनाउका लागि भाजपाको घोषणापत्र जारी
- सरकार जीवाश्म इन्धनको आयात घटाउन प्रयासरत रहेको श्री गडकरीको भनाई
- चेस ओलम्पियाडको सातौं चरणमा पनि भारतको उत्कृष्ट प्रदर्शन जारी, अनि
- बङ्ग्लादेशविरुद्ध पहिलो टेस्टको पहिलो दिन भारतले 339 रन बनायो

<u>विदेश मन्त्रालय – प्रधानमन्त्री अमेरिका</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदी यही महिनाको 21 देखि 23 तारिखसम्म अमेरिका भ्रमणमा रहनु हुनेछ।
आज नयाँ दिल्लीमा विदेश सचिव श्री विक्रम मिश्रीले भन्नुभयो, यस अवधिमा प्रधानमन्त्रीले अनेकौं द्विपक्षीय र बहुपक्षीय छलफल गर्नु हुनेछ। प्रधानमन्त्रीले विभिन्न विदेशी नेताहरूसँग वार्ता गर्नुहुनेछ अनि अमेरिकामा भारतीय समुदायलाई पनि सम्बोधन गर्नु हुनेछ। श्री मोदीले उद्योगपति तथा व्यवसायीहरुसँग पनि भेट गर्ने उहाँले बताउनु भयो ।
विदेश सचिवले भन्नुभयो, श्री मोदीले शनिबार चौथो Quad Leaders' Summit मा भाग लिनुहुनेछ। सम्मेलनका अतिरिक्त प्रधानमन्त्रीले धेरै नेताहरुसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ । उहाँले अर्को वर्ष भारतले क्वाड शिखर सम्मेलन आयोजना गर्ने बताउनु भयो ।
प्रधानमन्त्रीले आइतबार एनआरआईसँग कुराकानी गर्ने श्री मिश्रीले बताए । उहाँले भन्नुभयो, श्री मोदीले सोमबार न्यूयोर्कमा संयुक्त राष्ट्र महासभामा ' Summit of the Future' लाई सम्बोधन गर्नुहुनेछ। सम्मेलनको विषय 'बहुपक्षीय समाधानका लागि असल भोलि' रहेको छ । सम्मेलनका क्रममा प्रधानमन्त्रीले विश्वका विभिन्न नेताहरुसँग द्विपक्षीय भेटवार्ता गर्नुका साथै आपसी हितका विषयमा छलफल गर्ने कार्यक्रम रहेको छ ।

<u>विश्व खाद्य भारत</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशको खाद्य क्षेत्रमा नवाचार, दिगोपन र सुरक्षाको वैश्विक मापदण्ड तय गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ। आज नयाँ दिल्लीमा आयोजित वाल्ड फुड इन्डिया 2024 प्रदर्शनीको अवसरमा जारी एउटा भिडियो सन्देशमा, प्रधानमन्त्रीले भन्नुभएको छ, भारतमा जीवन्त र विविध खाद्य संस्कृति छ। किसानहरू देशको खाद्य इकोसिस्टमको मेरुदण्ड हुन्। सरकारले किसानलाई सहयोग गर्न नयाँ नीति ल्याउने तय गरेको उहाँले जानकारी दिनुभयो ।
कृषि क्षेत्रका लागि आधुनिक अभ्यास, बलियो प्रशासनिक मेसिनरी र अत्याधुनिक प्रविधिको महत्वमा जोड दिँदै प्रधानमन्त्रीले सरकारले खाद्य प्रशोधन क्षेत्रमा व्यापक सुधारको थालनी गरेको बताउनु भयो। यस सम्बन्धमा उहाँले खाद्य प्रशोधन क्षेत्रमा शतप्रतिशत विदेशी प्रत्यक्ष लगानी, प्रधानमन्त्री किसान सम्पदा योजना र खाद्य

प्रशोधन उद्योगका लागि उत्पादनसँग जोडिएका प्रोत्साहन योजना जस्ता पहलहरूको उल्लेख गर्नुभयो। प्रधानमन्त्रीले साना उद्यमहरूलाई वैश्विक मूल्य शृङ्खलाको अभिन्न अंग बन्न सशक्त बनाउन सरकार केन्द्रित रहेको बताउनु भयो। उहाँले देशमा रोजगारीका अवसर सिर्जना गर्न सरकारले आधुनिक पूर्वाधार र चेनको बलियो इकोसिस्टम निर्माण गरिरहेको बताउनु भयो ।

चार दिने वाल्ड फुड इन्डिया 2024 आजदेखि नयाँ दिल्लीको भारत मण्डपममा सुरु भयो। प्रदर्शनीमा 90 भन्दा धेरै देश, 26 राज्य र केन्द्रशासित प्रदेश अनि 18 मन्त्रालय र सम्बन्धित सरकारी निकायहरू सहभागी छन्।

## राष्ट्रपति सफाई मित्र सम्मेलन

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले विगत १० वर्षमा सफाई अभियान राष्ट्रव्यापी अभियान बन्न पुगेको बताउनुभएको छ। उहाँले भन्नुभयो, यसले देशमा अभूतपूर्व परिवर्तन ल्याएको छ।

राष्ट्रपति श्रीमती मुर्मू आज उज्जैनमा सफाई मित्र सम्मेलनलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। यस अवसरमा राष्ट्रपतिले उज्जैन र इन्दौर बीचको 6 लेनको राजमार्गको भूमिपूजन पनि गर्नुभयो। उहाँले 2025 सम्म चल्ने स्वच्छ भारत अभियानको दोस्रो चरणमा पूर्ण स्वच्छताको लक्ष्य हासिल गर्नुपर्ने बताउनु भयो ।

## हरियाणा बीजेपी - घोषणा पत्र

भारतीय जनता पार्टीका अध्यक्ष श्री जगत प्रकाश नड्डाले आज रोहतकमा हरियाणा विधानसभा चुनाउका लागि पार्टीको घोषणापत्र जारी गर्नुभयो। पार्टीले घोषणा पत्रको नाम संकल्प पत्र राखेको छ । यस अवसरमा मुख्यमन्त्री श्री नायब सिंह सैनी, केन्द्रीय मन्त्री श्री मनोहर लाललगायत प्रदेश अध्यक्ष श्री मोहनलाल बडोली र भाजपाका धेरै वरिष्ठ नेताहरू उपस्थित थिए। पार्टीको घोषणापत्रमा 20 वटा प्रस्ताव समावेश गरिएका छन्।

## जम्मू कश्मीर प्रधानमन्त्री रैली

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज श्रीनगरमा चुनावी जनसभालाई सम्बोधन गर्दै 25 सितम्बरमा जम्मू कश्मीरमा हुने दोस्रो चरणको विधानसभा चुनाउमा रेकर्ड संख्यामा मतदान गर्न जनतालाई अपील गर्नुभयो।

जम्मू-कश्मीर राज्यको पुनर्स्थापनाको सन्दर्भमा श्री मोदीले भन्नुभयो, जम्मू-कश्मीरलाई राज्यको रूपमा पुनर्स्थापित गरिनेछ। यो प्रतिबद्धता सरकारले पूरा गर्नेछ। प्रधानमन्त्रीले भन्नुभयो, जम्मु कश्मीरका जनताले ठूलो संख्यामा मतदानमा भाग लिएर नयाँ इतिहास रचेका छन्। हिजो, पहिलो पल्ट जम्मु कश्मीरमा आतंकको डर बिनै मतदान भएको उहाँले उल्लेख गर्नुभयो।

## गडकरी-हाइड्रोजन

सडक परिवहन एवम् राजमार्ग मन्त्री श्री नितिन गडकरीले भन्नुभएको छ, सरकारले हाइड्रोजनको प्रयोग मार्फत आगामी वर्षहरूमा लगभग 22 लाख करोड रुपियाँको जीवाश्म इन्धन आयातलाई घटाएर ४ लाख करोड रुपियाँमा ल्याउने लक्ष्य राखेको छ। आज नयाँ दिल्लीमा एक कार्यक्रमलाई सम्बोधन गर्दै श्री गडकरीले सरकारले मिराई परियोजनामा तीव्र गतिमा काम गरिरहेको छ, भन्नुभयो ।

मिराई फोहोरबाट उत्पादित हाइड्रोजनलाई इन्धनको रूपमा प्रयोग गर्ने कार हो । जैविक प्रविधि प्रयोग गरेर सस्तोमा हाइड्रोजन उत्पादन गर्न सकिने उहाँले बताउनु भयो। मन्त्रालयले भारतलाई ऊर्जा निर्यातक देश बनाउन एक डलर प्रति किलोग्रामका दरले हाइड्रोजन उत्पादन गर्ने लक्ष्य राखेको छ ।

## शिवराज - मोदी सरकार 100 दिन

केन्द्र सरकारले आगामी महिनादेखि कृषि अनुसन्धान तथा प्रविधिसम्बन्धी रेडियो अनि टिभी कार्यक्रम 'कृषि चौपाल' सुरु गर्ने भएको छ । आकाशवाणी र दूरदर्शनमा प्रसारण हुने कार्यक्रमको उद्देश्य किसानहरूलाई नवीनतम कृषि अनुसन्धान र प्रविधिको बारेमा जानकारी प्रदान गर्नु रहेको छ। कृषिमन्त्री श्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीमा कृषि मन्त्रालयले १०० दिनमा हासिल गरेका उपलब्धिलाई उजागर गर्दै यो कार्यक्रमको घोषणा गर्नुभएको हो।

## चेस ओलम्पियाड

45 औं चेस ओलम्पियाडको सातौं राउण्डमा भारतले ओपन र महिला वर्ग दुवैमा उत्कृष्ट प्रदर्शन गर्दै जीत हात पारेको छ ।

ओपन समूहमा भारतले चीनलाई अनि महिलातर्फ जर्जियालाई हराएको छ। सातौं राउण्डपछि भारतीय पुरुष र महिला टीम १४–१४ अंकका साथ अजेय छन् । भारतले अब ओपन समूहमा इरानको अनि महिलातर्फ पोल्याण्डको सामना गर्नेछ।

## चाइना ओपन

चाइना ओपन ब्याडमिन्टन प्रतियोगितामा भारतकी मालभिका बन्सोडले महिला सिंगल्सको क्वाटर फाइनलमा प्रवेश गरेकी छन्। उनले आज स्कटल्याण्डकी क्रिस्टी गिलमोरलाई हराएर क्वाटरफाइनलमा प्रवेश गरेकी हुन्। अब क्वाटरफाइनलमा भोलि उनको भिडन्त जापानकी अकाने यामागुचीसँग हुनेछ ।

## भारत-बंगलादेश टेस्ट म्याच

भारत अनि बंगलादेशबीचको दुई म्याचको टेस्ट सिरिजको पहिलो टेस्ट म्याच आजदेखि चेन्नईको एमए चिदम्बरम स्टेडियममा शुरुभयो। पहिलो दिनको खेल समाप्त हुँदा पहिला ब्याटिङ गर्दै भारतले आफ्नो पहिलो पारीमा 6 विकेट खर्च गरेर 339 रन बनाएर खेलिरहेको थियो। यसअघि बंगलादेशले टस जितेर पहिला फिल्डिङ गर्ने निर्णय गरेको थियो । गौतम गम्भीर भारतका प्रशिक्षक बनेपछि यो भारतले खेलिरहेको पहिलो टेस्ट सिरिज हो ।